"स्वच्छ, सुखी र समुन्नत प्रदेश"

आर्थिक वर्ष २०७८/७९

# वार्षिक प्रतिवेदन

प्रदेश सरकार
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ को व्यवस्थाअनुसार प्रस्तुत

आर्थिक वर्ष २०७८/७९ को

# वार्षिक प्रतिवेदन

(यस प्रतिवेदनमा प्रदेश योजना आयोगको २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्तसम्मका प्रमुख कामकारबाही तथा हासिल गरेका उपलब्धिहरू समेटिएका छन् ।)

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर, नेपाल

असोज, २०७९

आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन
प्रतिलिपि अधिकार © प्रदेश योजना आयोग

प्रकाशक
प्रदेश सरकार
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल
टेलिफोन नं. : ०२१-४७०३७६
वेबसाइट: ppc.p1.gov.np
इमेल: info.ppc@p1.gov.np

प्रदेश सरकार

# प्रदेश योजना आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

---



मा. मुख्यमन्त्री एवं अध्यक्ष राजेन्द्र कुमार राई



मा. उपाध्यक्ष डा. पूर्ण कुमार लोक्सोम



मा. सदस्य
डा. ज्ञानेन्द्र
बहादुर कार्की



मा. सदस्य
नारायण
कोईराला



मा. सदस्य
प्रकाश राई



मा. सदस्य
अन्जु खड्का



सदस्य-सचिव
श्री जयकुमार घिमिरे

प्रदेश योजना आयोग, प्रदेश नं. १

उपाध्यक्ष

# कृतज्ञता

प्रदेश योजना आयोगको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामी योजना आयोग परिवार गौरवान्वित छौं । सात महिनाभन्दा बढी अवधि आयोग पदाधिकारीबिहिन रहे पनि मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, विभिन्न अनुगमन मूल्याङ्कन लगायतका अन्य विषय क्षेत्रगत अध्ययन अनुसन्धान सफलतापूर्वक सम्पन्न गरेको छ । प्रदेशको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश", दिगो विकास लक्ष्य मातहतका अवयव तथा सूचकबमोजिम आर्थिक, सामाजिक, वातावरण र सुशासन आदि सबै क्षेत्रको सन्तुलित बजेट तथा विकास विन्यासमा हाम्रो अनवरत प्रयास रहयो ।

हालसम्मको उपलब्धिका लागि विविध विषयका विज्ञ, स्थानीय तहका प्रतिनिधि, राष्ट्रिय योजना आयोग र विकास साझेदारहरूको महत्त्वपूर्ण सहयोग रहेको छ । प्रदेश मन्त्रिपरिषद्को क्रियाशील नेतृत्वको नियमित मार्गदर्शनविना बिलकुल नयाँ संरचना र अपूर्ण संसाधनको बावजूद यति उपलब्धि सम्भव हुने थिएन । साथै योजना आयोगका दक्ष र जिम्मेवार राष्ट्रसेवकहरूको भूमिका अतुलनीय छ । सबै सहयोगी मन, हात र साथको निमित्त हार्दिक आभार प्रकट गर्दछु ।

भाद्र, २०७९

डा. पूर्ण कुमार लोक्सोम

# विषयसूची


**परिच्छेद १ परिचय** **१**

१.१ आयोगको परिचय १

१.२ आयोगको गठन तथा कार्य सञ्चालन आदेश २

१.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था ३

१.४ आयोगको काम, कर्तव्य र अधिकार ५

१.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार ७

१.६ सदस्यको काम, कर्तव्य र अधिकार ८

१.७ प्रदेश विकास परिषद् ८

१.८ भवन तथा स्रोत साधनको वर्तमान अवस्था ९

१.९ आयोगको बजेट विवरण ११

**परिच्छेद २ प्रमुख उपलब्धि** **१२**

२.१ मध्यमकालीन खर्च संरचना १२

२.२ बहुक्षेत्रीय पोषण कार्यक्रम १३

२.३ अन्य कार्यक्रमहरू १५

२.४ अनुगमन र मूल्याङ्कन १९

**परिच्छेद ३ निष्कर्ष तथा भावी कार्यदिशा** **२२**

३.१ प्रमुख उपलब्धि २२

३.२ समस्या तथा चुनौती २२

३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास २३

३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा २३

# परिच्छेद १
# परिचय

## १.१ आयोगको परिचय

नेपालमा वि.सं. २०१३ मा प्रथम पटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा विकास योजना निर्माण गर्ने निकाय गठनसँगै योजनाबद्ध विकास प्रक्रियाको प्रारम्भ भएको थियो । वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तन गरी योजना आयोगको पुनर्गठन भयो । सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य-सचिव रहने व्यवस्था गरियो । साथै मुख्य सचिव र अर्थ सचिवलाई पदेन सदस्यको रूपमा राखियो ।

प्रदेश नं. १ को समग्र विकासका लागि योजना तथा नीति तर्जुमामा प्रदेश सरकारलाई सुझाव सल्लाह दिने निकायका रूपमा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको स्थापना भएको हो । आयोग स्थापनाको मुख्य उद्देश्य प्रदेश विकासका लागि दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्न, विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्न, प्रदेश सरकार र स्थानीय तहबिचको विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्न, विकास नीति तथा योजनाका विभिन्न आयामहरूको अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्नुका साथै बहुपक्षीय र द्विपक्षीय सहयोगको सम्पर्क निकाय (Focal Point) का रूपमा कार्य गर्ने रहेको छ । २०७५ मङ्सिर महिनामा स्थापना भएको हो । यस आयोगले प्रदेश सरकारको विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण गर्दछ । यसैगरी यसले प्रदेशको आर्थिक विकाससम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ । माननीय मुख्यमन्त्रीले प्रदेश योजना आयोगको अध्यक्षता गर्नुहुन्छ भने आयोगमा एकजना पूर्णकालीन उपाध्यक्ष, चार जना सदस्यहरू र एकजना

सदस्य सचिव रहने व्यवस्था छ । आयोगको पूर्ण बैठक वर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था रहेको छ । त्यस्तै आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवं मूल्याङ्कनका लागि कम्तीमा प्रत्येक महिना उपाध्यक्षको अध्यक्षतामा नियमित बैठक बस्ने व्यवस्था रहेको छ ।

## १.२ आयोगको गठन तथा कार्य सञ्चालन आदेश

प्रदेश मन्त्रिपरिषदले मिति २०७५ कार्तिक १४ गते प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ जारी गरेको हो । त्यस पश्चात् मिति २०७६/०१/१७, २०७६/०७/२१ र २०७८।१२।२५ गरी तीन पटक यसको संशोधन भएको छ । प्रदेश योजना आयोगमा देहायबमोजिमका पदाधिकारीहरू रहने व्यवस्था छ:

| | | |
|---|---|---|
| क. | मुख्यमन्त्री | - अध्यक्ष |
| ख. | प्रदेश सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| ग. | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिलासहित चार जना | - सदस्य |
| घ. | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| ङ. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| च. | सचिव, प्रदेश योजना आयोगको सचिवालय | - सदस्य-सचिव |

उक्त गठन तथा कार्य सञ्चालन आदेशले उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था गरेको छ:


क. आर्थिक विकास,<br>
ख. सामाजिक तथा मानव विकास,<br>
ग. भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा,<br>
घ. अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,<br>
ङ. सुशासन तथा व्यवस्थापन ।

हाल प्रदेश योजना आयोगको अध्यक्ष माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई, माननीय उपाध्यक्ष डा. पूर्ण कुमार लोक्सोम, माननीय सदस्यहरू

डा. ज्ञानेन्द्र बहादुर कार्की, श्री नारायण कोईराला, श्री प्रकाश राई र श्री अन्जु खड्का, प्रदेश नं. १ का प्रमुख सचिव श्री विनोद प्रकाश सिंह, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री शिव कुमार कार्की र सदस्य सचिव श्री जयकुमार घिमिरे रहनु भएको छ ।

## १.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था

प्रदेश योजना आयोगको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ:



त्यसैगरी प्रदेश योजना आयोगमा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ:

| क्र.सं. | पद | सेवा/समूह, श्रेणी/तह | आ.व. २०७८/७९ को स्वीकृत दरबन्दी | आ.व. २०७९/८० को प्रस्तावित दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | थप | घट | जम्मा | |
| १ | प्रदेश सचिव | ने.प्र. रा.प. प्रथम | १ | ० | ० | १ | |
| २ | उपसचिव | ने.प्र./सा.प्र., नवौं/दशौं | ३ | ० | १ | २ | |
| ३ | शाखा अधिकृत | ने.प्र./सा.प्र., सातौं/आठौं | ३ | ० | १ | २ | |
| ४ | इन्जिनियर | इन्जिनियरिङ/सिभिल | १ | ० | ० | १ | |
| ५ | तथ्याङ्क अधिकृत | आ.यो.त. | १ | ० | ० | १ | |
| ६ | सहायक/अधिकृत | ने.प्र./सा.प्र., पाचौँ/छैटौं | ३ | ० | १ | २ | |
| ७ | सहायक/अधिकृत | विविध/कम्प्युटर | १ | ० | ० | १ | |
| ८ | सहायक/अधिकृत | ने.प्र./लेखा, पाचौँ/छैटौं | १ | ० | ० | १ | |
| ९ | प्रशासन सहायक | ने.प्र./सा.प्र., चौथो | १ | ० | ० | १ | |
| १० | ह.स.चा. | तह विहीन | ४ | ० | ० | ४ | करार |
| ११ | का.स. | तह विहीन | ४ | ० | ० | ४ | करार |
| जम्मा | | | २३ | ० | ३ | २० | |

प्रदेश योजना आयोगमा हाल कुल दरबन्दी संख्या २० जना रहेको छ भने १६ जनाको पदपूर्ति रहेको छ । सचिव, अधिकृतस्तर छैटौं र सहायकस्तरको पदपूर्ति भए पनि अधिकृतस्तर नवौं/दशौं को पदको १ जना, अधिकृतस्तर सातौं/आठौं पदको २ जना र इन्जिनियर १ जनासहित ४ वटा पद रिक्त रहेको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:

१. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा:

क. प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,

ख. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने,

ग. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी परामर्श दिने,

घ. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली (Project Bank Management System) निर्माण गर्ने, गराउने,

ङ. प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि मापदण्ड तयार गर्ने, गराउने,

च. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

छ. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

ज. प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

झ. अन्तरराष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

२. अनुगमन तथा मूल्याङ्कन:

क. प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

ख. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

ग. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

३. तहगत समन्वय: प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा अन्वेषण:

क. प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने ।

ख. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

ग. आर्थिक तथा सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना,ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

५. सम्पर्क निकाय: बहुपक्षीय र द्विपक्षीय सहयोगका योजनाको सम्पर्क निकाय (Focal Point) का रूपमा आयोगले कार्य गर्ने ।

## १.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छ:

क. आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,

ख. प्रदेशको आर्थिक अवस्था, चालू योजना र प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

ग. आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

## १.६ सदस्यको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छ:

क. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी जानकारी गराउने,

ख. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी पेस गर्ने,

ग. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

घ. उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## १.७ प्रदेश विकास परिषद्

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहने व्यवस्था रहेको छ । उक्त प्रदेश विकास परिषदको गठन देहायबमोजिम गरिएको छ:

| | | |
|---|---|---|
| क. | मुख्यमन्त्री | - अध्यक्ष |
| ख. | प्रदेश सरकारका मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्य मन्त्रीहरू | - सदस्य |
| ग. | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | - सदस्य |
| घ. | प्रदेश सभाका समितिका सभापतिहरू | - सदस्य |
| ङ. | आयोगका उपाध्यक्ष तथा सदस्यहरू | - सदस्य |
| च. | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| छ. | मुख्य न्यायाधिवक्ता, प्रदेश नं. १ | - सदस्य |

ज. प्रदेश सरकारका सचिवहरू - सदस्य

झ. जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख - सदस्य

ञ. प्रचलित कानुन बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि तथा निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश सरकारबाट मनोनीत पन्ध्र जना - सचिव

ट. सचिव, प्रदेश योजना आयोग - सदस्य-सचिव

परिषदको बैठकमा आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषदको निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गर्ने व्यवस्था रहेको छ ।

## १.८ भवन तथा स्रोत साधनको वर्तमान अवस्था

प्रदेश योजना आयोगको आफ्नै सचिवालय भवन नभएकोले आयोगले विराटनगर १२, कवि लेखनाथ मार्गस्थित एक निजी घरलाई भाडामा लिई कार्य सञ्चालन गर्दै आइरहेको छ । आयोगसँग दैनिक कामकाज सञ्चालनका लागि आवश्यक डेस्कटप कम्प्युटर, ल्यापटप, टेबुल, कुर्सी, सोफा, दराज, स्कर्पियो जिप, टेरानो कार, मोटरसाइकल, टेलिफोन लाइन आदि रहेका छन् ।

प्रदेश योजना आयोगको जिन्सी सामाग्रीको विवरण:

| क्र.सं. | विवरण | संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | आ.व. २०७७।७८ सम्म | आ.व. २०७८।७९ मा थप | |
| १ | कम्प्युटर | १४ | | |
| २ | प्रिन्टर | १८ | ५ | |
| ३ | अफिस कुर्सी | १९ | ७ | |
| ४ | साधारण कुर्सी | ४९ | | |
| ५ | अफिस टेबुल | २० | २ | |
| ६ | स्टिल दराज | १० | ४ | |
| ७ | मोटरसाइकल | ७ | | |
| ८ | रेफ्रिजरेटर | १ | | |
| ९ | भ्याक्युम क्लिनर | १ | | |
| १० | वाटर फिल्टर | १ | | |
| ११ | साइकल | २ | ४ | |
| १२ | चार पाङ्ग्रे गाडी | ४ | १ | १ हस्तान्तरण |
| १३ | एसी | १३ | १ | |
| १४ | स्टेपलाइजर | ११ | | |
| १५ | सिलिङ पंखा | ५ | | |
| १६ | सोफासेट | ५ | ३ | |
| १७ | ल्यापटप | ८ | ३ | |
| १८ | इन्टरकम | १ | | |
| १९ | प्रोजेक्टर | १ | | |
| २० | अनलाइन यु पि एस् | १ | | |
| २१ | अफलाइन युपिएस् | १ | | |
| २२ | एक्साइड ब्याट्रि | १२ | | |
| २३ | टि टेबल | ७ | | |

| क्र.सं. | विवरण | संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | आ.व. २०७७।७८ सम्म | आ.व. २०७८।७९ मा थप | |
| २४ | बुककेस | ७ | १ | |
| २५ | मोड्युलर टेवल | | २ | |
| २६ | झण्डा स्टेण्ड ठूलो | | १ | |
| २७ | लो बेड पलङ | | १ | |
| २८ | स्कुटर | १ | | |

## १.९ आयोगको बजेट विवरण


(रु. हजारमा)

| क्र.सं. | शीर्षक | विनियोजित | | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | | बजेट | खर्च | |
| १ | चालु | ३,७१,२४,००० | १,९७,३५,९६८ | ५४.६४ |
| २ | पुँजीगत | २०,००,००० | १६,४२,९१४ | |
| जम्मा | | ३,९१,२४,००० | २,१३,७८,८८२ | |

# परिच्छेद २
# प्रमुख उपलब्धि

## २.१ मध्यमकालीन खर्च संरचना

"स्वच्छ, सुखी र समुन्नत प्रदेश" को प्रादेशिक दीर्घकालीन सोच र सामाजिक न्याय सहितको प्रदेश निर्माण गर्ने प्रादेशिक उद्‌देश्य प्राप्त गर्न सार्वजनिक खर्चको कुशल परिचालन अपरिहार्य छ । यसका लागि विनियोजन कुशलता तथा दक्षता र वित्तीय अनुशासनको प्रभावकारी व्यवस्थापन गर्ने औजारका रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था गरेको छ ।




मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८०-२०८१।८२) को खाका तयार गर्दा गत आर्थिक वर्षको वास्तविक स्रोत अनुमान र खर्चअनुसार आगामी बाँकी दुई वर्षको बजेट परिमार्जन सहित प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गरिनु पर्छ । यो प्रक्रियाले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्त्वपूर्ण भूमिका पुऱ्याउनुको साथै बजेटलाई प्रादेशिक लक्ष्य, उद्‌देश्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउँछ । तसर्थ, यस खर्च संरचनालाई विकासको आवश्यकता,

आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतलाई समेटेर हरेक वर्ष परिमार्जन गरिन्छ ।

यसमा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र प्रदेशको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिसँग वार्षिक बजेटलाई तादात्म्यता कायम गराउने भरपूर प्रयास गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रादेशिक बजेटलाई प्रादेशिक दीर्घकालीन सोचका आधारस्तम्भ, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा पनि विनियोजन तथा प्रक्षेपण गरिएको छ । साथै, यस मध्यमकालीन खर्च संरचनामा आयोजनाका प्राथमिकतासहित आगामी तीन आर्थिक वर्षको स्रोत र साधनको प्रक्षेपण, विनियोजनको सुनिश्चतता, खर्चको पुस्ट्याईसमेत समेट्दै प्राप्त हुन सक्ने उपलब्धि समावेश गरिएको छ ।

## २.२ बहुक्षेत्रीय पोषण कार्यक्रम

कुपोषणको समस्यालाई सम्बोधन गरी पोषणको अवस्थामा सुधार गर्न विभिन्न निकायहरूको संयुक्त प्रयास र राष्ट्रिय योजना आयोगको नेतृत्वमा वि.सं. २०६९ देखि बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुँदै आएको छ ।

महिला बालबालिका तथा किशोरीहरूको पोषणको अवस्था सुधार गरी दक्ष मानव पुँजीको निर्माण गर्ने दीर्घकालीन सोचका साथ नेपाल सरकारले सुरु गरेको बहुक्षेत्रीय पोषण कार्यक्रम दोस्रो प्रदेश नं. १ का १४ वटै जिल्लामा सञ्चालन भइरहेको छ । कार्यक्रम सञ्चालन भएका १४ जिल्लामध्ये पूर्ण प्याकेज कार्यक्रम लागू भएका जिल्ला पाँचथर, उदयपुर तथा खोटाङ हुन भने बाँकी जिल्लामा आंशिक प्याकेज कार्यक्रम लागू गरिएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम दोस्रो अन्तर्गत प्रदेश नं. १ का १३७ स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन भइरहेको छ । जसमा २६ स्थानीय तहमा पूर्ण प्याकेज कार्यक्रम र बाँकी स्थानीय तहमा आंशिक प्याकेज कार्यक्रम सञ्चालन भइरहेको छ ।

**बहुक्षेत्रीय पोषण कार्यक्रममा समावेश भएका क्षेत्र**

- शासकीय प्रबन्ध,

- शिक्षा,
- महिला तथा बालबालिका,
- खानेपानी तथा सरसफाइ,
- कृषि,
- पशुपक्षी,
- स्वास्थ्य ।

**आयोगबाट बहुक्षेत्रीय पोषण योजना अन्तर्गत भएका क्रियाकलाप**

- प्रदेशस्तरीय विषयगत मन्त्रालय, निकाय तथा सम्बन्धित महाशाखासँग समन्वय गरिएको,
- प्रदेश सरकारबाट बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि बजेट विनियोजनको पहल गरिएको,
- आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अन्तर्गत बहुक्षेत्रीय पोषणसम्बन्धी कार्यक्रम आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्य, सचिवको अध्यक्षता र कर्मचारीहरूको समेत संलग्नतामा पाँचथर, भोजपुर, खोटाङ र उदयपुर जिल्लामा पोषणसम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसी पोषणसँग सम्बन्धित विषयवस्तुमा छलफल गरिएको,
- चालु आ.व. मा थप भएका ६ जिल्ला (मोरङ, झापा, धनकुटा, तेह्रथुम, इलाम र सोलुखुम्बु) का ६३ वटा स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षा समिति गठन भएको । समिति गठन भएका मध्ये ४२ वटा स्थानीय तहमा अभिमुखीकरण कार्य समेत सम्पन्न गरिएको,
- स्थानीय तहलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि बजेट विनियोजनमा समन्वय गरिएको,
- सबै स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक सहयोग तथा सहजीकरण गरिएको ।

## २.३ अन्य कार्यक्रमहरू

१. विश्व खाद्य कार्यक्रमसँगको सहकार्यमा प्रदेशस्तरीय तथा जिल्लास्तरीय पुनरुत्थानशीलता तथा जीविकोपार्जन विश्लेषण सम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको,

२. राष्ट्रिय योजना आयोगको सहकार्यमा प्रदेशका मन्त्रालय तथा निकायका कर्मचारीलाई मध्यमकालीन खर्च संरचना सफ्टवेयर सञ्चालनसम्बन्धी प्रदेशस्तरीय क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको,

३. प्रदेशका माननीय मन्त्री तथा योजना आयोगका पदाधिकारीहरूको अध्यक्षतामा आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजना र प्रदेश सहयोग कार्यक्रमको सहकार्यमा मिति २०७९/०३/१२ मा एकै दिन १४ वटै जिल्लामा आगामी आ.व. २०७९/८० को बजेट तर्जुमा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी स्थानीय तहहरूबाट योजना सङ्कलन गरिएको,

४. आयोगको आयोजना तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को सहकार्यमा प्रदेशका विभिन्न मन्त्रालय तथा निकायका कर्मचारीलाई योजना तथा बजेटसम्बन्धी प्रदेश कर्मचारीको लागि दुई दिवसीय क्षमता विकास तालिम सञ्चालन गरिएको,

५. मिति २०७८।०८।१९ र २० गते राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोग लुम्बिनी प्रदेशको संयुक्त आयोजनामा प्रादेशिक योजना तथा बजेट तर्जुमा परियोजना बैक र सम्भाव्य लगानीका क्षेत्र तथा तहगत समन्वय विषयक दुई दिवसीय योजना सम्मेलन – २०७८ र विद्युतीय प्रणाली हस्तान्तरण कार्यक्रममा आयोगका सचिवको नेतृत्वमा सहभागी भई निम्नानुसार ११ बुँदे लुम्बिनी घोषणापत्र जारी गरियो:

- ➢ राष्ट्रिय योजना आयोग र सातैवटा प्रदेश योजना आयोगबिचको समन्वयलाई प्रभावकारी रूपमा स्थापित गर्ने,

- सह-अस्तित्व, समन्वय र सहकार्यको संस्कृतिलाई आत्मसात् गरी प्रदेशहरू बिचको साझा दृष्टिकोण कायम गर्दै राष्ट्रिय र प्रादेशिक सन्तुलनको माध्यमबाट आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने,
- राष्ट्रिय योजना आयोगले संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम वर्गीकरणसम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- प्रदेश तहले सम्भाव्य लगानीका क्षेत्रहरू पहिचान गर्दै परियोजनासम्बन्धी आवश्यक तयारी पुरा गरी लगानी सम्मेलन आयोजना गर्ने र यसका लागि परियोजना बैंकमा परियोजनाको सम्पूर्ण विवरण प्रविष्ट गर्ने,
- राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण भएका विद्युतीय प्रणालीहरूको कार्यान्वयनका लागि क्षमता विकास गर्ने,
- एक आपसमा जोडिएका प्रदेशहरूका योजना छनौट र सञ्चालन गर्दा बहुप्रादेशिक महत्त्वका परियोजना बनाउन पहल गर्ने,
- संघीय तहबाट गरिने वित्तीय हस्तान्तरणलाई वस्तुपरक र समन्यायिक ढङ्गले वितरण गर्न राष्ट्रिय योजना आयोगले समन्वय गर्ने,
- प्रदेशहरूको आन्तरिक स्रोतको पहिचान र विस्तारका लागि कानूनी र संस्थागत विकासमा जोड दिने,
- जलवायु परिवर्तन र वातावरण प्रदूषणले उत्पन्न हुन सक्ने विपत्तिलाई सामना गर्न साझा रणनीति र योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,
- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै ती लक्ष्य प्राप्तिका लागि सहकार्य र समन्वय गर्ने,
- आगामी तेस्रो योजना सम्मेलन उपयुक्त समयमा गण्डकी प्रदेशले आयोजना गर्ने ।

६. प्रदेश योजना आयोग तथा संयुक्त राष्ट्र संघ नेपालको आयोजनामा संयुक्त राष्ट्र संघीय दिगो विकास कार्यक्रम सहयोग कार्यढाँचा

२०२३-२०२७ को तर्जुमाका लागि प्रदेशस्तरीय परामर्श कार्यक्रम सम्पन्न भएको,

७. मिति २०७८।१२।०७ र ०८ गते बागमती प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजित र गाउँपालिका राष्ट्रिय महासंघको समन्वय तथा व्यवस्थापनमा भएको कार्यक्रममा राष्ट्रिय योजना आयोग र ७ वटै प्रदेशका योजना आयोगका पदाधिकारी तथा प्रतिनिधि, स्थानीय तहका संघ, महासंघ पदाधिकारी तथा प्रतिनिधिबिच योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको समीक्षाबाट प्राप्त निष्कर्ष यसप्रकार रहेका छन्:

- परिणाममुखी र उत्पादनमूलक योजना तर्जुमालाई सहज तुल्याउनको निम्ति आयोजना छनोटको मापदण्ड र आयोजना बैंकको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने,
- आयोजनालाई गौरवका योजना, ठूला योजना, रुपान्तरणकारी आयोजना, मझौला तथा साना आयोजनाका रूपमा वर्गीकरण गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाउने,
- आवधिक योजना र गुरुयोजना दिगो विकास लक्ष्यसँग तालमेल हुने गरी बजेटलाई साङ्केतीकरण गर्ने,
- स्थानीय तहले संघ र प्रदेश सरकारसँग माग गर्ने आयोजना हिउँदे सभामार्फत सिफारिस गर्ने र सोही सूची मध्येबाट मात्र संघ र प्रदेशले आफ्नो वार्षिक बजेटमा योजना व्यवस्था गर्ने प्रणाली स्थापित गर्ने,
- राष्ट्रिय योजना आयोगले आउँदो आर्थिक वर्षको महत्त्वपूर्ण आयोजना तथा कार्यक्रम र यसमा प्रदेशले खेल्नुपर्ने भूमिका बारे प्रदेश नीति तथा योजना आयोगलाई फागुन मसान्तभित्र जानकारी गराउने । यसैगरी प्रदेश नीति तथा योजना आयोगले संघीय र प्रादेशिक लक्ष्य, प्राथमिकता र आयोजना तथा कार्यक्रमको बारेमा चैत्र मसान्तभित्र स्थानीय तहको योजना

संरचनालाई अनिवार्य रूपमा जानकारी गर्ने र आगामी वर्ष सञ्चालन गर्ने योजनाको सूचीलाई अन्तिम रूप दिने,

- स्थानीय र प्रदेश तहको प्रतिवेदन (भौतिक तथा वित्तीय प्रगति र दिगो विकास लक्ष्यलाई समेट्ने गरी) प्रणालीलाई एकीकृत र व्यवस्थित गर्न राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगले भूमिका खेल्ने,
- अन्तरप्रदेश समन्वय परिषदमा र प्रदेश समन्वय परिषदमा स्थानीय तहबाट गरिने प्रतिनिधित्व प्रणालीमा प्रधानमन्त्री र मुख्यमन्त्रीद्वारा मनोनयन गर्दा संघ/महासंघसँग परामर्श गर्न अनुरोध गर्ने,
- गैरबजेटरी योजना निरुत्साहित गर्ने, वार्षिक योजना तर्जुमाभन्दा पहिले डि.पि.आर. समेतका पूर्व तयारी भएका र लागत अनुमान समेतका पूर्व तयारी गरिएका आयोजनालाई प्राथमिकताका साथ बजेट विनियोजन गर्ने,
- श्रावणमा आर्थिक वर्ष सुरु हुने अहिलेको अभ्यासलाई परिवर्तन गरी नयाँ वर्षअनुसार हुने गरी कानूनी प्रबन्ध मिलाउन नेपाल सरकारसँग अनुरोध गर्ने,
- सार्वजनिक खरिद ऐन र नियमावलीलाई पुनरावलोकन गरी वैज्ञानिक र व्यवहारिक बनाउनु पर्ने,
- प्रदेश तथा स्थानीय तहमा संघीय सरकारले खटाउने कर्मचारी कम्तीमा सामान्यतः दुई वर्ष सरुवा नहुने प्रबन्ध मिलाउने, स्थानीय तह र प्रदेशलाई आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने,
- अनुगमन सम्बन्धी एकीकृत सूचना प्रणाली ( Project Monitoring information system [ProMIS]) को विकास गरी संस्थागत गर्ने र पूर्व डेस्क रिभ्यू, चेक लिष्टको तयारी सहित नतिजामुखी

अनुगमन प्रणालीको अवलम्बन र तहगत प्रतिवेदन प्रणालीको विकास गर्ने ।

८. अनुगमनबाट प्राप्त सुझाव कार्यान्वयन भएको सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

## २.४ अनुगमन र मूल्याङ्कन

आ.व. २०७८/८९ मा आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्रदेश नं. १ अन्तर्गतका निम्न कार्यक्रम तथा आयोजनाको कामको मूल्याङ्कन, सोको प्रभावकारिताको विषयमा आगामी दिनमा त्यसको दिगोपना र त्यसले पार्ने असरको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन गरिएको छ:

१. बहुक्षेत्रीय पोषण कार्यक्रम
२. सुनसरी जिल्लामा सञ्चालित आयोजना

### १. बहुक्षेत्रीय पोषण कार्यक्रम

महिला बालबालिका तथा किशोरीहरूको पोषणको अवस्था सुधार गरी दक्ष मानव पुँजीको निर्माण गर्ने दीर्घकालीन सोचका साथ नेपाल सरकारले सुरु गरेको बहुक्षेत्रीय पोषण कार्यक्रम दोस्रो पोषण स्थितिमा सुधार ल्याउन चाल्नु पर्ने कदम, बजेटको स्थिति स्थानीयस्तरमा सो विषयक बजेटको प्रभावकारिताका विषयमा छलफल गर्न आयोगबाट माननीय उपाध्यक्षको नेतृत्वमा खोटाङ, भोजपुर, पाँचथर र उदयपुर लगायतका जिल्लामा अनुगमन गरियो ।

### अनुगमनको उद्देश्य

- प्रदेश स्तरमा सञ्चालित बहुक्षेत्रीय पोषणसम्बन्धी कार्यक्रमको वस्तुस्थिति बारेमा जानकारी लिन,
- बहुक्षेत्रीय पोषणसँग सम्बन्धित कार्यक्षेत्रको पहिचान, विकास विविधिकरण तथा आम नागरिकको पोषणमा पहुँच हुनसकोस् भन्ने उद्देश्य रहेको छ,
- बहुक्षेत्रीय पोषणसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा हुनसकोस् यसले अकालमा नागरिकको ज्यान जोखिममा नहोस्, सबै

बालबालिका कुपोषणमुक्त भई स्वस्थ समाजको विकास हुन सकोस्,

- स्वास्थ्य र विकासको पाटो सुधार हुन सकेमा राज्यले विकासमा गति लिन सक्छ र स्वस्थ समाजको निर्माण हुन सक्छ ।

**अनुगमनबाट देखिएका मुख्य–मुख्य विषयवस्तु**

फिदिम न.पा. मा सम्पन्न विद्यालय खानेपानी आयोजना तथा पोषण सुधारका लागि महिला सहकारी समूहलाई अनुदान कार्यक्रमको अनुगमन गर्दा तपसिलबमोजिम प्रगति भएको देखियो:

- विद्यालय खानेपानी आयोजना ९० प्रतिशत सम्पन्न भएको,
- महिला सहकारीका अनुदान प्राप्त महिलाद्वारा आय-आर्जनका लागि व्यवसाय सञ्चालन भएको,
- स्थानीय निकायका पदाधिकारी पोषणसम्बन्धी विषयमा सकारात्मक रहेको,

**२. सुनसरी जिल्लामा सञ्चालित आयोजना**

आयोगका माननीय सदस्य तथा कर्मचारीबाट सुनसरी जिल्लामा सञ्चालित तपसिलका आयोजनाको जिल्ला समन्वय समिति सुनसरीको समन्वयमा अनुगमन गरियो:

- भुटाहा वसमतिया सडक कालोपत्रे
- हरिनगर गौतमपुर नयाँहाट कालोपत्रे
- कृषि हाटको भवन निर्माण
- कृष्ण आधारभूत माध्यमिक विद्यालय भवन निर्माण
- दुर्गा मन्दिर भवन निर्माण

**अनुगमन गर्दा देखिएको योजनाको अवस्था**

- सडक निर्माण लगभग ७५ प्रतिशत सम्पन्न भएको,
- प्राइम कोर्ट गरी निर्माण कार्य अगाडी बढी रहेको,
- कृष्ण आधारभूत माध्यमिक विद्यालय भवन निर्माण कार्य भइरहेको,
- कृषि हाटको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको पाइयो,
- दुर्गा मन्दिर भवन निर्माण कार्य सम्पन्न भएको पाइयो

**अनुगमनका क्रममा दिएका सुझाव**

- सम्पन्न हुन बाँकी काम यथाशीघ्र सम्पन्न गर्न गराउन जोड दिनुपर्ने,
- प्राइमकोर्ट गरी निर्माण कार्य स्थगित गरिएको र सडकका बिच-बिचमा उक्किएको पाइएकोले पुन:निर्माण कार्य गर्दा प्राइमकोर्ट गरेर मात्र कालोपत्रेको काम गर्न र निर्माण स्थलमा योजनासम्बन्धी होर्डिङ बोर्ड नदेखिएकोले निर्माण स्थलमा सबैले देख्ने गरी होर्डिङ बोर्ड राख्न सुझाव दिइयो ।

# परिच्छेद ३
# निष्कर्ष तथा भावी कार्यदिशा

## ३.१ प्रमुख उपलब्धि

प्रदेश योजना आयोगले स्थापना भएको छोटो अवधिमा धेरै उपलब्धि हासिल गरेको छ जसमध्ये प्रमुख उपलब्धिलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क. प्रदेश नं. १ को चौथो मध्यमकालीन खर्च संरचना (MTEF) (आ.व. २०७९/८०-२०८१/८२) तर्जुमा गरी प्रकाशन गरेको छ ।
ख. बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारसँगको समन्वय र सम्पर्क विकासको भूमिका निर्वाह गरेको छ ।

## ३.२ समस्या तथा चुनौती

राजनीतिक परिस्थितिका कारण आयोगका पदाधिकारीहरू समय अगावै रिक्त भई आयोगको काममा समस्या परेको छ । कम्तीमा कार्यवाहकको व्यवस्था हुन सके यो समस्या केही हदसम्म समाधान हुने थियो । विगत दुई वर्ष विश्वकै समस्या र चुनौतीको रूपमा रहेको कोभिड-१९ महामारीको असर हालसम्म पनि कायमै छ । यसै कारणले पनि विकास निर्माणले गति लिन सकेको छैन । यस्तो यथार्थलाई आत्मसात् गर्दै समयानुकूल कार्यशैली अपनाउँदै योजना आयोगको दैनिक कार्य सञ्चालन गर्नु एक चुनौतीको रूपमा रहेको छ । त्यसैगरी, आयोगको आर्थिक, कानूनी, मानवीय, संस्थागत समस्याहरू रहेका छन् । जसमध्ये प्रमुख समस्याहरू निम्न अनुसार रहेका छन्:

क. कार्यविधि तथा निर्देशिकाको अभाव,
ख. आफ्नै सचिवालय भवनको अभाव,
ग. अनुसन्धान, विकाससँग सम्बन्धित महाशाखा भए पनि मानव संसाधनको परिचालन गर्न नसकिएको,
घ. आयोग लामो समयसम्म पदाधिकारीविहीन रहनु,
ङ. विषय विज्ञको सहज उपलब्धता नहुनु ।

## ३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास

क. भवन भाडामा लिई कार्य सञ्चालन गरिएको,
ख. आवश्यकताअनुसार सेवा करारमा जनशक्ति व्यवस्था गरिएको,
ग. आयोगको कामकारबाहीलाई प्रविधिमैत्री र पारदर्शी बनाउन Website निर्माण गरिएको,
घ. आयोगको आगामी कार्ययोजना निर्माण गरिएको ।

## ३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा

क. स्थानीय तहको बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्ने ,
ख. गरीबसँग मुख्यमन्त्री अभियान,
ग. प्रदेश पार्श्वचित्र परिमार्जन गर्ने,
घ. मानव विकास प्रतिवेदन (HDI) प्रादेशिक बस्तुस्थितिको तयारी गर्ने,
ङ. परियोजना बैक स्थापना गर्ने,
च. आवधिक योजना परिमार्जन गर्ने,
छ. प्रदेश विकास परिषद्को बैठक गर्ने,
ज. परियोजना अनुगमन मूल्याङ्कन तथा दस्तावजीकरण गर्ने,
झ. प्रदेश आर्थिक तथा सामाजिक विकासको मोडल तयार गर्ने ,
ञ. दाइजो प्रथा, बाल विवाह, बहुविवाहको वर्तमान अवस्था र निराकरण गर्ने ।

# केही तस्विरहरू



पदाधिकारीज्यूहरूको सपथ ग्रहण कार्यक्रम



मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१।८२) को सार्वजनिकीकरण कार्यक्रम



मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी गोष्ठी





बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रगति समीक्षा कार्यक्रम



बहुक्षेत्रीय पोषण कार्यक्रमको झलक



बहुक्षेत्रीय पोषण कार्यक्रमको झलक


N
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. २
प्रदेश नं. १
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा
विराटनगर

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर, नेपाल